निर्णय संख्या- ६६

आज मिति २०७८।०९।०६ गते मंगलबार विहान ११:३० बजे यस भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री गुमानध्वज कुँवरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १ | श्री गुमानध्वज कुँवर | – अध्यक्ष |
| २ | श्री कल्पना कुमारी श्रेष्ठ | – उपाध्यक्ष |
| ३ | श्री खीर बहादुर श्रेष्ठ | – सदस्य |
| ४ | श्री कृष्ण कुमार कार्की | – सदस्य |
| ५ | श्री ज्ञान वहादुर तामाङ | – सदस्य |
| ६ | श्री लोक बहादुर कुँवर | – सदस्य |
| ७ | श्री अञ्चल कुमार लामा | – सदस्य |
| ८ | श्री भरत बहादुर शिवभक्ती | – सदस्य |
| ९ | श्री रमेश राज खरेल | – सदस्य |
| १० | श्री मोतिलाल तामाङ | – सदस्य |
| ११ | श्री दल बहादुर तामाङ | – सदस्य |
| १२ | श्री चित्र बहादुर तामाङ | – सदस्य |
| १३ | श्री माया तामाङ | – सदस्य |
| १४ | श्री सानुमाया पहरी | – सदस्य |
| १५ | श्री उर्मिला वि. क.बराइली | – सदस्य |
| १६ | श्री सावित्रा अछामी | – सदस्य |
| १७ | श्री बालकृष्ण पहरी | – सदस्य |
| १८ | श्री शंकर नेपाली | – सदस्य |
| १९ | श्री ढाकाराम अर्याल | – सदस्य सचिव |

Scanned with CamScanner

प्रस्तावहरु

प्रस्ताव नः १ उपभोक्ता समिति तथा ठेक्का सम्झौता अन्तिम मिति सम्बन्धमा

प्रस्ताव नः २ भुम्लु खर्च सञ्चालन गर्ने कार्यविधि सम्बन्धमा ।

प्रस्ताव नः ३ नयाँ ट्र्याक खनेर राजश्वव उठाउने सम्बन्धमा ।

प्रस्ताव नः ४ हर्राको बोटमुनिको बगर विवाद सम्बन्धमा ।

प्रस्ताव नः ५ ट्र्याक्टर वितरण मिति तय गर्न सम्बन्धमा ।

प्रस्ताव नः ६ सैद्वान्तिक वेरुजु अनुगमन समिति गठन सम्बन्धमा ।

प्रस्ताव नः ७ हिउदे गाउँसभाको मिति तय गर्ने सम्बन्धमा ।

प्रस्ताव नः ८ जनप्रतिनिधि तथा कर्मचारी सम्मान गर्ने सम्बन्धमा ।

प्रस्ताव नः ९ गाउँपालिकाको डायरी निर्माण तथा व्याग बितरण सम्बन्धमा ।

प्रस्ताव नः १० विपद बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नः ११ लक्षित कार्यक्रम सञ्चाँलन सम्बन्धमा ।

प्रस्ताव नः १२ दोलालघाट डुम्रेघाट बन्देउ क्षेत्रको समास्य समाधान समिति गरेको कार्यको अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नः १३ सापिङ स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर स्थापना गर्ने सम्बन्धमा

प्रस्ताव नः १४ गृहकार्य विहिन कक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका २०७८ सम्बन्धमा ।

प्रस्ताव नः १५ विविध सम्बन्धमा ।

Scanned with CamScanner

निर्णयहरु

निर्णय नः १ माथी छलफल गर्दा आ व ०७८।०७९ मा विनियोजन गरिएको योजनाको सवै वडा कार्यालयबाट मिति २०७८ साल पुष मसन्त भित्र उपभोक्ता समिति गठन गरी सम्झौता गर्ने र शर्सतको बजेट र प्रदेशबाट आएको बजेटको योजना ठेक्का माघ १० भित्र गरि सक्ने गर्ने निर्णय गरियो ।

निर्णय नः २ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिका गाउँकार्यपालिका कार्यालयको भुम्लु खर्च सञ्चालन कार्यविधि २०७८ स्वीकृत गर्न यस कार्यपालिकामा पेश भएकोले स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नः ३ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिका वडा नः ८ को हर्राको बोट मुनी बगर क्षेत्रमा ढुङ्गा गिट्टी बालुवा रोडा उत्खन्न गरी विक्री वितरणका लागि दोलालघाट पुलबाट १४०० मिटर माथी बाट नयाँ ट्र्याक खनेर राजश्वव उठाउने अध्यक्ष स्तरीय निर्णय भएकोमा उक्त निर्णयलाइ यस गाउँ कार्यपालिकाको बैठकले अनुमोदन गर्ने निर्णय गरियो ।साथै उक्त ट्र्याक निमार्णका लागी नियमानुसार बजेट ब्यवस्थापन गर्नको लागि गाउँसभाबाट आवश्यक बजेट ब्यवस्थापन गर्न पेश गर्ने निर्णय गरियो।

निर्णय नः ४ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिका कार्यालयले आ व ०७८।०७९ मा हर्राको बोटमुनि बगर क्षेत्रमा नियमानुसार ठेक्का प्रक्रियाबाट मिङमा सप्लायर्सलाई ठेक्का परेकोमा सिन्धुपलाचोक साागँचोक गाडी चौतारा नगरपालिकाको केही व्यक्तीले विवाद गरेकोले आवश्यक सुरक्षाकोलागी सम्बन्धित जिल्ला प्रशासन कार्यालय काभ्रेमा सुरक्षाको लागी अनुरोध गरिने निर्णय गरियो ।सो सम्बन्धमा यस गाउँपालिका वडा नः ८ मा बसोबास गर्ने

Scanned with CamScanner

नागरिकको नागरिकता मतदाता परिचय पत्र जमिन भोग चलनको कागजात जनगणन भएको नामवाली

मतदाता नामावाली भएको नामावाली भुम्लु गाउँपालिकाको नक्सा सहित आवश्याक कागजात सहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र जिल्ला प्रशासन कार्यालय काभ्रेमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नः ५. यस गाउँपालिकाले ५० प्रतिशत र वडा न १ देखि १० किसान हरुले ५० प्रतिशतको समेत खरिद गरेको मिनिटेलर (हाते ट्रयाक्टर)को वितरण मिति २०७८।०९।१५ बाट सुरु गर्ने निर्णय गरियो।

निर्णय नः ६. माथी छलफल गर्दा यस भुम्लु गाउँपालिकाको विगत वर्ष हरुका भएको सवै सैद्वान्तिक वेरुजुलाई नियमानुसार नियमित गर्न यस भुम्लु गाउँपालिका कार्यपालिकाका तपशिल बमोजिमका पदाधिकारी र कर्मचारीलाइ अनुगमन गरी प्रतिबेदन पेश गर्ने कार्य गर्ने गरी अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

सैद्वान्तिक वेरुजु अनुगमन समिति

संयोजक श्री मोतिलाल तामाङ वडा नः ८ को वडा अध्यक्ष

सदस्य श्री अन्चल कुमार लामा  वडा नः ५ को वडा अध्यक्ष

सदस्य श्री भरत बहादुर शिवभक्ती वडा नः ६ को वडा अध्यक्ष

सदस्य श्री साकार अधिकारी गाउँपालिकाको इन्जिनियर

सदस्य सचिबः श्री प्रकाश रावल गाउँपालिका अलेप शाखा

निर्णय नः ७ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिका आ व ०७८।०७९ हिउदे गाउँसभा मिति २०७८ सालको पौष महिनाको २९ र ३० गते भुम्लु

Scanned with CamScanner

गाउँपालिकाको सभाहलमा बस्ने निर्णय गरियो । साथै उक्त सभामा उपस्थितिका लागी गाउँकार्यपालिका सदस्य एवम वडा अध्यक्ष मार्फत सभाका सबै वडाका सदस्यहरुलाई खवर गर्ने निर्णय गरियो ।

निर्णय नः ८ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिकाको जनप्रतिनिधि, वहालवाल कर्मचारी, पूर्ब कर्मचारीलाई कदर प्रमाण पत्र दिने र साथै कोभिड १९ मा सहयोग गर्ने संघ सस्था तथा व्यक्तिहरुलाई धन्यवाद सम्मान प्रत्र दिने निर्णय गरियो ।

प्रस्ताव नः ९ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिकाको सभाको सदस्य एवम गाउँपालिकामा कार्यरत कर्मचारीका लागि गाउँपालिकाको परिचय आवश्यक सूचना सहित डायरी छपाई गर्ने तथा व्याग खरिद गरी बितरण गर्ने निर्णय गरियो ।

प्रस्ताव नः १० माथी छलफल गर्दा यस अगाडी विपद व्यवस्थापन समितिले गरेका निर्णयलाई यस गाउँकार्यपालिका बैठकले अनुमोदन गर्ने निर्णय गरियो। साथै तपशिल बमोजिमका व्यक्तीहरुलाई आर्थिक सहयोग दिने निर्णय गरियो ।

| नाम थर | वडा न | आर्थिक सहयोग रकम | कैफियत |
|---|---|---|---|
| शिव ब भुजेल | ३ | ३०,००० | |
| चन्द्र बहादुर तामाङ | ९ | ३०,००० | |

निर्णय नः ११ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिका आ व ०७८।०७९ लक्षित कार्यक्रम सञ्चाँलनका लागि विनियोजन गरिएको बजेटबाट वडा स्तरमा वडामा छलफल गरि कार्यक्रम अगाडी बढाउन वडा नः १ देखि १० वडा

Scanned with CamScanner

सम्म बाट गर्ने र वडा लक्षित वर्गको ध्यान राखी कार्यक्रम पेश गर्न निर्णय गरियो साथै आ व ०७८।०७९ मा बालबालिका शिर्षकमा विनियोजन गरिएको बजेट बाट बाल अधिकार समिति गठन, बाल क्लबलाई जागरुक बनाउने वडा स्तरका कार्यक्रम सञ्चालन गर्ने र आ व ०७८।०७९ मा खेलकुद शिर्षक विनियोजन गरिएको रकमबाट वडा नः १ देखि १० वडामा खेलकुद कार्यक्रम गर्ने निर्णय गरियो ।

निर्णय नः १२ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिका वडा नः८ को दोलालघाट बन्देउ डुम्रेघाट बन्देउटार सम्मको भुगोल साँगचोक गडी चौतारा नगरपालिका वडा न ११ रहेको क्रसर उद्योगले विवाद उत्पन्न भएको विषयमा त्यस विवाद निरुपन्नको लागी यस भुम्लु गाउँपालिका अध्यक्ष श्री गुमान ध्वज कुवँरको अध्यक्षतामा बसेको भेलाबाट भएको निर्णय अनुसार गठन भएको भूमि संरक्षण समितिलाई यस गाउँपालिका वडा नः ८ मा भुमि रक्षाका लागी आवश्यक कार्य गर्न चाहिने कागजात संकलन तथा समन्वय सहकार्य गर्न सहमति दिने निर्णय गरियो ।

निर्णय नः १३ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिका वडा नः १ सापिङ नर्सरीडाडाँमा रहेको कि नः ३५५ सार्वजनिक जग्गा मध्येको ५ रोपनी जग्गा भित्र पर्ने गरी सापिङ स्वास्थ्य चौकिको बर्थिङ सेन्टर भवन निर्माणका लागि उपलव्ध गराउने निर्णय गरियो । साथै सो जग्गा सापिङ स्वास्थ्य चौकीको नाम उपलव्ध गराई दिन सम्बन्धित निकायमा यस गाउँपालिकाले प्रक्रिया अगाडी बढाँउने निर्णय गरियो ।

निर्णय नः १४ माथि छलफल गर्दा यस भुम्लु गाउँपालिका गृहकार्य विहिन कक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका २०७८ स्वीकृत गर्न यस कार्यपालिकामा पेश भएकोले स्वीकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नः १५ माथी छलफल गर्दा यस भुम्लु गाउँपालिकाको आधारभुत अस्तपालमा विरामीका लागि खाना तथा खाजाको भएको खर्चको विल अनुसार भुक्तानी दिने निर्णय गरियो।

Scanned with CamScanner